पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०७।३० गते आ.ब. २०८१/८२ बैठक क्र.सं.०५

आज मिति २०८१।०७।३० गते पैंयू गाउँपालिकाका अध्यक्ष एवम् गाउँकार्यपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरी ज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

| सि.नं. | नाम | पद | | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री तोरण मल्ल ठकुरी | अध्यक्ष | अध्यक्ष | |
| २ | श्री याम कुमारी राना | उपाध्यक्ष | सदस्य | |
| ३ | श्री मिन प्रसाद न्यौपाने | १ नं. वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री नरभूपाल काफ्ले | २ नं. वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री चन्द्र बहादुर थापा | ३ नं. वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री टुकलाल न्यौपाने | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री नारायण भुर्तेल | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री गंगाधर अधिकारी | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री तोयनाथ शर्मा | ७ नं. वडा अध्यक्ष | सदस्य | |
| १० | श्री मिठु क्षेत्री | ३ नं. वडा महिला सदस्य | सदस्य | |
| ११ | श्री चन्द्रकला न्यौपाने | ६ नं. वडा महिला सदस्य | सदस्य | |
| १२ | श्री सर्मिला नेपाली | ४ नं.वडा दलित महिला सदस्य | सदस्य | |
| १३ | श्री उमादेवी बि.क. | ५ नं.वडा दलित महिला सदस्य | सदस्य | |
| १४ | श्री फूलमाया सुनार | दलित सदस्य | सदस्य | |
| १५ | श्री बविता हिताङ | दलित सदस्य | सदस्य | |
| १६ | श्री जिवन गैरे | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |
| १७ | श्री सरिता डुम्रे | लेखा अधिकृत | आमन्त्रित | |
| | | | | |
| | | | | |

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०७।३० गते                                        आ.ब. २०८१/८२ बैठक क्र.सं.०५

निर्णयहरु:

निर्णय नं.१. वडा दशैं तथा शुभ दिपावलीको पावन अवसरमा यस गाउँपालिका क्षेत्र भित्र रहेका अबरुद्ध सडक सञ्चालन तथा सरसफाई गर्न गाउँ कार्यपालिकाको चौथो बैठकबाट निर्णय भए बमोजिम अबरुद्ध सडक संचालन तथा सरसफाई कार्यक्रम सम्पन्न भएको हुँदा उक्त कार्यक्रममा भएको खर्च प्राविधिक मुल्यांकनका आधारमा आ.व.०८१/८२ को वार्षिक बजेटको विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरिन्छ।

निर्णय नं.२. पैयूँ गाउँपालिकाको वडा नं. १ मा रहेको श्री टकलाक माध्यामिक विद्यालयको मिति २०८१/०७/०८ को पत्रानुसार तपशिल बमोजिमको जग्गाहरु नि:शुल्क रजिष्ट्रेशन पास गरी श्री टकलाक माध्यामिक विद्यालयको नाउँमा प्राप्ति गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरिन्छ।

तपशिल

| क्र.सं. | जग्गाधनिको नाम, थर | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|
| १ | बालकृष्ण न्यौपाने | ९४ | ०-१५-२-१ |
| २ | रुक्मागत न्यौपाने | ९८ | ०-४-२-१ |
| ३ | धनपति न्यौपाने | ९७ | ०-७-२-१ |

निर्णय नं.३. नेपाल सरकारद्धारा मृगौला रोग, क्यान्सर, स्पाईनल इन्जुरी भई पारालाईसिस भएका बिरामीलाई जिविकोपार्जन भत्ता उपलब्ध गराउने कार्यविधि बमोजिम यस पैयु गाउँपालिका अन्तर्गत स्थायी बसोबास भएका तपशिलका बिरामीलाई आ.व. ०८१/०८२ का लागि लाभग्राही कायम गर्ने निर्णय गरियो।

| क्र.स. | नामथर | ठेगाना | लाभग्राही कायम मिति |
|---|---|---|---|
| १. | धन बहादुर चिडी | पैयूँ -६ | २०८१/०७/३० |

निर्णय नं. ४. पैयूँ गाउँपालिका गाउँकार्यपालिकाले स्वीकृत गरेको तपशिल बमोजिमका कार्यविधिमा तोकिएका बुँदा तथा शब्दहरुको संसोधन गरि यसै कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

(क) एक विद्यालय एक करेसाबारी कार्यक्रम संचालन कार्यविधिमा कार्यक्रमको दफा ५ मा कोष संचालन समितिको नाममा कृषि बैंकमा खाता खोली रकम जम्मा गर्नुपर्ने भएकोमा उक्त व्यवस्थालाई संसोधन गरी विद्यालयको नाउँमा रहेको खातामा रकम जम्मा गरिने र कोष संचालन सोही समिति मार्फत गर्ने,

(ख) " पैयूँ गाउँपालिका कृषि तथा पशुपन्छी विकास सम्बन्धी कार्यक्रम संचालन कार्यविधि २०७९"

पहिलो संशोधन,२०८१

पैयूँ गाउँपालिका कार्यपालिकाको कार्यालय इवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०७।३० गते आ.ब. २०८१/८२ बैठक क्र.सं.०५

| विनियममा सबिकको दफा, उपदफा, खण्ड संशोधन गरिएको | संशोधन गर्नुपर्नाको कारण | थप गरिएको दफा र उपदफा |
|---|---|---|
| परिच्छेद २ को दफा ४ को ग (१) र घ (१.२, १.४ र ३) | हरेक आ.व मा समावेश भएको योजना तथा कार्यक्रममा साझेदारी % फरक फरक हुने भएकोले | |
| परिच्छेद २ को दफा ५ को ग (१) र घ (१.४) | हरेक आ.व मा समावेश भएको योजना तथा कार्यक्रममा साझेदारी % फरक फरक हुने भएकोले तथा अनुदानको अवस्थामा सोहि कार्यक्रम मात्र समावेस गर्नुपरेकोले र क्षेत्र विस्तारलाई प्राथमिकता दिन | परिच्छेद २ को दफा ५ नोट १ |
| परिच्छेद २ को दफा ६ को क र ग (१) | साना सिँचाईमा सिंचाई कुलो/नहर, टंकी मात्र निर्माण गर्नुपर्ने भएकोले तथा कृषि फर्म छनौट हुदा उपभोक्ता समिति गठन गर्नुपर्ने भएकोले | परिच्छेद २ को दफा ६ को ग (२) र नोट २ |
| परिच्छेद २ को दफा ७ को ख, ग (१), घ (१) (१.४) | योजना तथा कार्यक्रम अनुसार मापदण्ड तयार र कार्यक्रम संचालन गर्नुपरेकोले | परिच्छेद २ को दफा ७ को ग (२) |
| परिच्छेद २ को दफा ९ को क र ग (१) | योजना तथा कार्यक्रम अनुसार मापदण्ड तयार र कार्यक्रम संचालन गर्नुपरेकोले | परिच्छेद २ को दफा ९ को ग (३), घ (२) |
| परिच्छेद २ को दफा १० को घ हटाईएको | योजना तथा कार्यक्रम अनुसार कार्यविधि बनाई कार्यक्रम संचालन गर्नुपरेकोले | परिच्छेद २ को दफा १० को ग (३) |
| परिच्छेद २ को दफा ११ | योजना तथा कार्यक्रम अनुसार संशोधन गरी कार्यविधि बनाई कार्यक्रम संचालन गर्नुपरेकोले | |
| परिच्छेद २ को दफा १२ | योजना तथा कार्यक्रम अनुसार संशोधन गरी कार्यविधि बनाई कार्यक्रम संचालन गर्नुपरेकोले | |
| | योजना तथा कार्यक्रम थप भएकोले कार्यविधि बनाई कार्यक्रम संचालन गर्नुपरेकोले | परिच्छेद २ को दफा १५ थप गरिएको |
| परिच्छेद ३ को दफा को क्र.म संख्या थप भएको तथा दफा १७ संशोधने | हरेक आ.व मा समावेश भएको योजना तथा कार्यक्रममा साझेदारी % फरक फरक हुने भएकोले सोहि अनुसार भुक्तानी गर्नुपरेकोले | |

निर्णय नं.५. पैयूँ गाउँपालिका वडा नं. ६ मा रहेको लक्ष्मि भवन प्रा. वि. मा यस वर्षको वर्षायाममा आएको बाढी तथा पहिरोले शौचालय बगाई लगेको हुदाँ आधारभूत सरसफाईमा परेको समस्यालाई लाई मध्यनजर गरी एक शौचालय निर्माण गर्न लगाईएकोमा सोको प्राविधिक मुल्याङ्कन बमोजिमको रकम आउदो कार्यपालिकाबाट स्वीकृत गरी आ. व. ०८१/०८२ को वार्षिक बजेट अन्तर्गत मागमा आधारित शिर्षककाट नियमानुसार विद्यालयको खातामा भुक्तानी गर्ने निर्णय गरिन्छ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०७।३० गते आ.ब. २०८१/८२ बैठक क्र.सं.०५

निर्णय नं. ११. NWASH कार्यक्रम अन्तर्गत गत आ.व. ०८०/०८१ मा सहजकर्ताको भूमिकामा रहेका तपशिलका कर्मचारीहरुलाई NWASH को बाँकी कामका लागि चालु आ.व. ०८१/०८२ को जेष्ठ मसान्त सम्म कार्यगर्न म्याद थप गरी निरन्तरता दिने निर्णय गरिन्छ।

तपसिल

१.श्री गंगा बहादुर वि.क. -पैयूँ गाउँपालिका वडा नं.३ वेउलीबास, पर्वत

निर्णय नं.१२. आ.व.०८२/८३ को लागि यस गाउँपालिकामा बाख्रा पकेट क्षेत्र कार्यक्रम सञ्चालनका गर्न प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना कार्यान्वयन इकाई बाग्लुङमा, बाख्र पकेट कार्यक्रम माग गर्ने निर्णय गरिन्छ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तोरण ... अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०७।३० गते आ.ब. २०८१/८२ बैठक क्र.सं.०५

निर्णय नं. ६. शिक्षा विकाश निर्देशनालय गण्डकी प्रदेश पोखराको मिति २०८१/०७/११ को पत्रानुसार शिक्षक तथा विद्यार्थि प्रतिभा पहिचान कार्यक्रमका लागि सहभागी छनौट गरी पठाउन पालिका स्तरीय विद्यार्थि प्रतिभा पहिचान कार्यक्रम संचालन भैसकेको र शिक्षक प्रतिभा पहिचान कार्यक्रम संचालन गर्न बजेट विनियोजन नभएकाले कार्यक्रम संचालनका लागि आ.व. ०८१/८२ को बार्षिक बजेट अन्तर्गत मागमा आधारित शिर्षकबाट रु ५०,०००।– (अक्षेरपी पचास हजार मात्र) विनियोजन गरी सो विनियोजित रकमबाट कार्यक्रम संचालन गर्न निर्देशित गर्ने निर्णय गरियो।

निर्णय नं. ७. मनसुनजन्य विपदको कारण सिर्जित विपत्तीको निराकरण गर्न तथा जनताको मागलाई प्राथामिकताको आधारमा आवश्यकताको परिपूर्ति गर्न आ.व. ०८१/८२ को वार्षिक बजेट अन्तर्गत मागमा आधारित शिर्षकबाट तपशिल बमोजिमको योजनालाई रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | हिले लिफ्टिङ खानेपानी मर्मत, वडा नं.७ | खानेपानी मोटर खरिद गरि दिने |
| २ | कोर्दि खोल्सा सडक मर्मत, वडा नं. | रु १,००,०००।–(अक्षरुपि एकलाख रुपैया) |

निर्णय नं. ८. यस पालिकाक्षेत्रभित्र बसोबास गर्ने तपशिल बमोजिमका स्थानीय बासिन्दाको आर्थिक अवस्था कमजोर भई विभिन्न रोगको उपचार गर्न नसक्ने अवस्थामा रहेकाले आ.व. ०८१/०८२ को वार्षिक बजेटको आर्थिक सहायता शिर्षकबाट उपचार खर्च प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम/थर | वडा नं. | कारण | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | नारायण काफ्ले | ३ | औषधिउपचार खर्च | ५०,०००।- |
| २ | निशान श्रेष्ठ | ४ | औषधिउपचार खर्च | ४०,०००।- |
| ३ | इन्द्र बहादुर कामी | ५ | औषधिउपचार खर्च | ३०,०००।- |
| ४ | दुर्गा बहादुर परियार | ५ | औषधिउपचार खर्च | ३०,०००।- |
| ५ | सूर्य बहादुर बि.क. | १ | काजक्रिया खर्च | २५,०००.- |
| ६ | कुसुम गौतम | ६ | आखा सम्बन्धी अपाङ्गता | ४०,०००।- |

निर्णय नं.९. पैयूँ गाउँपालिका वडा नं. ४ मा रहेको योग साधना केन्द्रले पेश गरेको आर्थिक प्रस्तावको आधारमा उक्त केन्द्रले आयोजना गर्ने भू तपस्या, योग साधाना तथा महायज्ञ कार्यक्रम सञ्चालनको लागि आ.व. ०८१/०८२ को वार्षिक बजेट अन्तर्गत मागमा आधारित शिर्षकबाट रु ७०,०००।– (अक्षेरपी सत्तरी हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरिन्छ ।

निर्णय नं. १०. मिति २०८१/०७/३० गतेको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन गर्ने गरी तपशिलको कार्यविधि प्रमाणित गर्ने निर्णय गरिन्छ।

क) मेलमिलाप केन्द्र संचालन सम्बन्धि कार्यविधि, २०८१

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय